गाउँ सभाबाट स्वीकृत मिति २०७५ असार २७

# कालिञ्चोक गाउँपालिकाको आर्थिक ऐन, २०७५

## कालिञ्चोक गाउँपालिका

# कालिञ्चोक गाउँपालिकाको आर्थिक ऐन, २०७५

**प्रस्तावनाः**

कालिञ्चोक गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कालिञ्चोक गाउँपालिकाको गाउँ सभाले यो ऐन पारित गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम **"कालिञ्चोक गाउँपालिकाको आर्थिक ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गते देखि कालिञ्चोक गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर :**

कालिञ्चोक गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पति कर/घर जग्गा कर लगाइने र असुल उपर गरिने छ।

३. **भूमि कर (मालपोत) :**

गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिने छ।

४. **घर बहाल कर :**

यस गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिने छ।

५. **व्यवसाय कर :**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ।

६. **जडिबुटी कवाडी र जीवजन्तु कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मरेका वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायीक कारोवार गरे बापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिने छ।

७. **विज्ञापन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिमको विज्ञापन कर लगाइने र असुल उपर गरिने छ। प्रदेश कानूनमा व्यवस्था भए बमोजिमको विज्ञापन कर समेत असुल उपर गरिने छ।

८. **बहाल विरौटी शुल्क :**

गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेका अनुसूची (७) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विरौटी शुल्क लगाइने र असुल उपर गरिने छ ।

९. **पार्किङ शुल्क :**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिने छ ।

१०. **सेवा शुल्क दस्तुर :**

गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (९) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहीहरुबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क र दस्तुर लगाइने र असुल उपर गरिने छ ।

११. **पर्यटन शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१०) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । प्रदेश कानूनमा व्यवस्था भए बमोजिमको पर्यटन शुल्क समेत असुल उपर गरिने छ ।

१२. **मनोरञ्जन कर :**

प्रदेश कानूनमा व्यवस्था भए बमोजिमको मनोरञ्जन कर असुल उपर गरिने छ ।

१३. **ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर र बहत्तरमा प्राकृतिक स्रोत कर :**

प्रदेश कानूनमा व्यवस्था भए बमोजिम ढुङ्गा, गिटी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर र बहत्तरमा प्राकृतिक स्रोत कर असुल उपर गरिने छ ।

१४. **कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१५. **कर तथा शुल्क सम्बन्धी कार्यविधि :**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

# अनुसूची–१

## सम्पत्ति कर/घर जग्गा कर

दफा (२) सँग सम्बन्धित

| विवरण | ०७५/०७६ को करको दर | कैफियत |
|---|---|---|
| पाँच लाख सम्म | रु. ५०/०० | |
| दश लाख सम्म | रु. २००/०० | |
| बीस लाख सम्म | रु. १०००/०० | |
| बीस लाखदेखि माथि | रु. २०००/०० | |

# अनुसूची–२

## भूमि कर (मालपोत)

दफा (३) सँग सम्बन्धित

| सि. न. | वर्ग | ०७५/०७६ को करको दर | | | |
|---|---|---|---|---|---|
| | | न्यूनतम ५ रोपनी सम्मको लागि रु. | | थप प्रति रोपनी रु. | |
| | | खेत | पाखो | खेत | पाखो |
| १ | अब्बल | २५ | १५ | ५ | ४ |
| २ | दोयम | २० | १० | ४ | ३ |
| ३ | सिम | १५ | ५ | ३ | २ |
| ४ | चाहार | १० | ३ | २ | १ |

# अनुसूची–३

## घर वहाल कर

दफा (४) सँग सम्बन्धित

| क्र. सं. | घरको किसिम | ०७५/७६ को करको दर (मासिक) | |
|---|---|---|---|
| | | आवासिय प्रयोजनको लागि | व्यवसायिक प्रयोजनको लागि |
| १ | ढुङ्गामाटोको जोडाइमा खरको छाप्रो | – | – |

| | | | |
|---|---|---|---|
| २ | ढुङ्गामाटोको जोडाइ २/३ तले खरको छानो भएको घर | – | – |
| ३ | ढुङ्गामाटोको जोडाइमा टिनको छानो भएको घर | २० | ५० |
| ४ | ढुङ्गामाटोको जोडाइ २/३ तले टिन वा ढुङ्गाको छानो भएको वारदली सहितको घर | ६० | १५० |
| ५ | ढुङ्गामाटोको सहित सिमेन्टले प्लाष्टर गरेको घर | ४० | १०० |
| ६ | पिलर बिम सहितको टिनले छाएको विना ढलानको घर | ६० | १५० |
| ७ | पिलर र बिम सहितको ढलान गरिएको पक्की घर | १५० | ३०० |

# अनुसूची–४

## व्यवसाय कर

दफा (५) सँग सम्बन्धित

| क्र.सं. | विवरण | ०७५/७६ को करको दर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | ज्वलरी सुन चाँदी पसल | १२०० | |
| २ | मदिरा जन्य पसल | १८०० | |
| ३ | भिडियो क्यामेरा/स्टुडीयो | ५०० | |
| ४ | इलेक्ट्रोनिक्स सामानको पसल (घडी, रेडियो, टि.भी., मोवाइल मर्मत आदि) | ५०० | |
| ५ | भाँडा पसल | १००० | |
| ६ | हार्डवेयर | २००० | |
| ७ | इन्धन विक्र पसल / ग्यास सिलिण्डर | २०० | |
| ८ | फर्निचर पसल | १५०० | |
| ९ | खाद्यान्न किनार पसल थोक बिक्रेता | १५०० | |
| १० | खाद्यान्न किनार पसल खुद्रा बिक्रेता | ३०० | |
| ११ | फलफुल-तरकारी पसल | १०० | |
| १२ | गेष्टहाउस | २००० | |
| १३ | होम स्टे | ५०० | |
| १४ | स्टेसनरी | ३०० | |
| १५ | फाइनान्स तथा लघु वित्त (मुनाफाको) | १ % | |
| १६ | बहुउद्धेश्यीय सहकारी -ऋण बचत (मुनाफाको) | १% | |
| १७ | कृषि सहकारी (मुनाफाको) | १% | |

| | | | |
|---|---|---|---|
| १८ | औषधी पसल | १५०० | |
| १९ | दाँत बनाउने | १००० | |
| २० | निजी क्षेत्रका विद्यालय<br>क। मा.वि. तह<br>ख। आधारभुत तह | २०००<br>१००० | |
| २१ | कम्प्यूटर प्रशिक्षण | ५०० | |
| २२ | व्यूटिपार्लर | ५०० | |
| २३ | सवारी साधन मर्मत | १००० | |
| २४ | गै.स.स. कार्यक्रम अनुसार बजेटको | १ % | |
| २५ | अन्तराष्ट्रिय गै.स.स. कार्यक्रम अनुसार बजेटको | २% | |
| २६ | ठेक्का पट्टा - व्यक्तिगत<br>क। रु. १० लाख भन्दा तल<br>ख। रु. १० लाख भन्दा माथि | २५००<br>५००० | |
| २७ | मासु पसल | ५०० | |
| २७ | पिकनिक पार्क स्पोर्ट | १०० | |
| २८ | घुम्ती पसल | २०० | |
| २९ | कपडा पसल | १००० | |
| ३० | सूचीकार टेलर्स | ५०० | |
| ३१ | जुत्ता सिउने पसल | ३०० | |
| ३२ | राइस मिल कुटानी पिसानी | ५०० | |
| ३३ | ज्योतिष पसल | ५०० | |
| ३४ | सवारी साधन दर्ता (मोटर साइकल, स्कुटर, अन्य चार पाङ्ग्रे) | ५०० | |
| ३५ | निजी कार जिप | १००० | |
| ३६ | ट्याक्टर | १००० | |
| ३७ | निजी मिनिवस, ट्राभल बस | १५०० | |
| ३८ | पेट्रोल पम्प | २००० | |
| ३९ | स. मिल | २००० | |
| ४० | नाफा मूलक संस्था दर्ता | २००० | |
| ४१ | नाफा मूलक संस्था नविकरण | १००० | |
| ४२ | गैर नाफा मूलक संस्था दर्ता | ५०० | |

| | | | |
|---|---|---|---|
| ४३ | गैर नाफा मूलक संस्था नविकरण | १०० | |
| ४४ | “घ” श्रेणीको ठेक्काको इजाजत | ५००० | |
| ४५ | “घ” श्रेणीको ठेक्काको इजाजत नविकरण | २००० | |

## अनुसूची–५
### जडीबुटी, कवाडी र जीवजन्तु कर
दफा (६) सँग सम्बन्धित

| क्र.सं. | विवरण | इकाई | ०७५/७६ को लागि करको दर | कैफियत |
|---|---|---|---|---|
| १ | सुनपाती | केजी | १.२५ | |
| २ | बिष | केजी | ४.०० | |
| ३ | मजिठो | केजी | १.२५ | |
| ४ | बिषफेज | केजी | ३.०० | |
| ५ | ओखरफलको बोका | केजी | १.०० | |
| ६ | ओखर काण्ड बोका | केजी | १०.०० | |
| ७ | सुगनध कोकिलाफल | केजी | ३.७५ | |
| ८ | चिराइतो | केजी | २.०० | |
| ९ | चुत्रोको बोका | केजी | ०.२५ | |
| १० | कुरिलाको जरा | केजी | १.२५ | |
| ११ | सुगन्धवाल | केजी | ४.०० | |
| १२ | अल्लो | केजी | १.०० | |
| १३ | झ्याउ | केजी | ५.०० | |
| १४ | अर्गेली | केजी | २.२५ | |
| १५ | पाखनवेत | केजी | २.०० | |
| १६ | भुतकेश | केजी | १.२५ | |
| १७ | लोक्ता | केजी | ५.०० | |
| १८ | ठिंग्रे सल्लाको सिम्टा | केजी | २०.०० | |
| १९ | पदमचाल | केजी | २.५० | |
| २० | कुट्की | केजी | ३.७५ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | धुपीतेल | केजी | ३०.०० | |
| २२ | धसिगरेतेल | केजी | १५.०० | |
| २३ | अम्रिसो | केजी | ०.२० | |
| २४ | सोमलता | केजी | २.०० | |
| २५ | जटामसी | केजी | ३.०० | |
| २६ | तेजपात | केजी | ०.१० | |
| २७ | गोब्रे सल्लाको सिम्टा | गोटा | ०.१० | |
| २८ | खोल्मे | केजी | ०.२५ | |
| २९ | नागवेली पाउडर | केजी | १२.५० | |
| ३० | खोटो | केजी | १.०० | |
| ३१ | गोब्रे सल्लाको पातको तेल | केजी | ३०.०० | |
| ३२ | भिरमह | केजी | ५.०० | |
| ३३ | सतुवा | केजी | १०.०० | |
| ३४ | धुपीपात | केजी | १.०० | |
| ३५ | नागवेली | केजी | ०.२५ | |
| ३६ | काउलोको बोक्रा | केजी | ३.०० | |
| ३७ | सुगन्धीत तेल | केजी | ५०.०० | |
| ३८ | कालो मुसुली | केजी | १०.०० | |
| ३९ | सेतो मुसुली | केजी | ५.०० | |
| ४० | सुनपाती तेल | केजी | ५०.०० | |
| ४१ | साधारण च्याउ | केजी | २.०० | |
| ४२ | इन्द्रेयिनी | केजी | २.०० | |
| ४३ | नेपाली कागज | कोरी | ५.०० | |
| ४४ | सल्लो/उत्तिस र अन्य बरामदी काठ (गोलिया) | क्यू. फि. | २.०० | |
| ४५ | सल्लो/उत्तिस र अन्य बरामदी काठ (चिरान) | क्यू. फि. | ३.०० | |
| ४६ | भेनियर पत्ता (ट्याक्टर) | ट्रिप | ५००.०० | |
| ४७ | भेनियर पत्ता (मिनी ट्रक) | ट्रिप | ८००.०० | |
| ४८ | भेनियर पत्ता (ट्रक) | ट्रिप | १२००.०० | |
| ४९ | भेनियर पत्ता (भ्यान, ट्रक) | ट्रिप | १५००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५० | तयारी पलाइउड (ट्याक्टर) | ट्रिप | १०००.०० | |
| ५१ | तयारी पलाइउड (मिनी ट्रक) | ट्रिप | १५००.०० | |
| ५२ | तयारी पलाइउड (ट्रक) | ट्रिप | २०००.०० | |
| ५३ | तयारी पलाइउड (भ्यान ट्रक) | ट्रिप | ३०००.०० | |
| ५४ | दाउरा (ट्याक्टर) | ट्रिप | १५०.०० | |
| ५५ | दाउरा (मिनि ट्रक) | ट्रिप | २२५.०० | |
| ५६ | दाउरा (ट्रक) | ट्रिप | ३००.०० | |
| ५७ | काठको भुस (ट्याक्टर) | ट्रिप | २५.०० | |
| ५८ | काठको भुस (मिनीट्रक) | ट्रिप | ५०.०० | |
| ५९ | काठको भुस (ट्रक वा भ्यान) | ट्रिप | १००.०० | |
| ६० | बाँस | गोटा | १.०० | |
| ६१ | बन लसुन | केजी | ६.०० | |
| ६२ | हाडे लसुन | केजी | १.०० | |
| ६३ | कुरिलो | केजी | १.२५ | |
| ६४ | कोइला | केजी | ०.२५ | |
| ६५ | टुकी फुल | केजी | १.०० | |
| ६६ | बुकी फुल | केजी | ०.२५ | |
| ६७ | बुकी फूलको तेल | केजी | ५०.०० | |
| ६८ | अबिजालो | केजी | ५.०० | |
| ६९ | निगालो | गोटा | ०.०५ | |
| ७० | अलैची | केजी | २.०० | |
| ७१ | यार्सागुम्बा | केजी | १५००.०० | |
| ७२ | लोठ सल्लाको पात | केजी | ५.०० | |
| ७३ | सुठो | केजी | १.०० | |
| ७४ | लप्सी | केजी | ०.५० | |
| ७५ | बालुवा,गिटि,रोडा,ढुङगा, ग्रबेल तथा लोहोरे ढुङ्गा | घ.मी. | ५५.०० | |
| ७६ | म्यानेसाइट ढुङ्गा | मे.ट. | ५०.०० | |
| ७७ | भुइमा विछ्याउने चप्लेटी ढुङ्गा | वर्ग फिट | २.०० | |
| ७८ | छाना छाउने स्लेट ढुङगा | वर्ग फिट | २.०० | |
| ७९ | प्वाँख | केजी | १.५० | |

| | | | | |
|---|---|---|---|---|
| ८० | हाड | केजी | १.५० | |
| ८१ | सिङ्ग | केजी | १.५० | |
| ८२ | खुर | केजी | १.५० | |
| ८३ | छाला ठूलो | गोटा | ३०.०० | |
| ८४ | छाला सानो | गोटा | १५.०० | |
| ८५ | भौसी जात (भैसी  रागाँ आदी) | गोटा | ५०.०० | |
| ८६ | गाई जात  (गााई गोरु आदि ) | गोटा | ३०.०० | |
| ८७ | भेडा, बाखा, बङगुर आदि | गोटा | १०.०० | |
| ८८ | कुखुरा जात | गोटा | १००.०० | |
| ८९ | अण्डा ( ७ क्रेट बरार १ बाकस ) | बाकस | २.०० | |
| ९० | गोलभेडा काउली आलु  (ठुलो ट्रक ) | ट्रिप | ५००.०० | |
| ९१ | गोलभेडा काउली आलु (मिनि ट्रक /ट्रायाक्टर) | ट्रिप | २००.०० | |
| ९२ | बन्दा, साग (ठुलो ट्रक ) | ट्रिप | २००.०० | |
| ९३ | बन्दा, साग -मिनी ट्रक/ट्याक्टर) | ट्रिप | १००.०० | |
| ९४ | लसुन, अदुवा, वेसार | ट्रिप | ७००.०० | |
| ९५ | लसुन, अदुवा, वेसार | ट्रिप | ३००.०० | |

## अनुसूची–६
### विज्ञापन कर
दफा (७) सँग सम्बन्धित

| कर शिर्षक (विवरण) | ०७५/०७६ को लागि करको दर | कैफियत |
|---|---|---|
| जनचेतनामूलक (प्रचार सामग्री, बोर्ड) | १।- | प्रति स्वायर फिट |
| व्यावसायिक (प्रचार सामग्री, बोर्ड) | ३।- | प्रति स्वायर फिट |
| गाडीमा सामान राखी विज्ञापन गर्ने प्रति पटक | २००।- | |
| सटल राखी विज्ञापन गर्ने प्रति दिन | २००।- | |
| कनसर्ट प्रति  पटक | १५००।- | |
| तुल व्यानर राखी विज्ञापन प्रतिपटक (होडिङ बोर्ड) | २००।- | |

## अनुसूची–७
### बहाल बिरौटी शुल्क
दफा (८) सँग सम्बन्धित

| कर शिर्षक (विवरण) | ०७५/०७६ को लागि करको दर | कैफियत |
|---|---|---|
| हाल नतोकिएको | – | |

## अनुसूची–८
### पार्किङ शुल्क
दफा (९) सँग सम्बन्धित

| कर शिर्षक (विवरण) | ०७५/०७६ को लागि करको दर | कैफियत |
|---|---|---|
| हाल नतोकिएको | – | |

## अनुसूची–९
### सेवा, शुल्क, दस्तुर
दफा (१०) सँग सम्बन्धित

| क. सं. | कर शिर्षक (विवरण) | ०७५/०७६ को लागि करको दर | कैफियत |
|---|---|---|---|
| १ | नक्सा पास निवेदन फाराम दस्तुर | ५००।– | |
| २ | कच्ची एकतले घर निर्माण स्वीकृती/नक्सा पास | २५०।- | |
| ३ | कच्ची दूईतले घर निर्माण स्वीकृती/नक्सा पास | ५००।- | |
| ४ | पक्की घर निर्माण स्वीकृती/नक्सा पास ( व्यासायिक) | ५।- | प्रति स्वायर फिट |
| ५ | पक्की घर निर्माण स्वीकृती/नक्सा पास ( आवासिय) | ५।- | प्रति स्वायर फिट |
| ६ | घरजग्गा नामसारी सिफारिस | १००।- | |
| ७ | मोही लगत कट्टा सिफारिस | १००।- | |
| ८ | घर कायम सिफारिस | १००।- | |
| ९ | अस्थायी बसोवास सिफारिस | १००।- | |
| १० | स्थायी बसोवास सिफारिस | १००।- | |
| ११ | नागरिकता प्रमाण पत्र प्रतिलिपी सिफारिस | १००।- | |
| १२ | अंगिकृत नागरिकता | २००।- | |
| १३ | आर्थिक सम्पन्नता सिफारिस | ५००।- | |
| १४ | विद्युत जडान सिफारिस (घरायसी) | निः शुल्क | |
| १५ | विद्युत जडान सिफारिस (व्यावसायिक) | ५००।- | |
| १६ | धारा जडान सिफारिस | निः शुल्क | |
| १७ | जिवित रहेको सिफारिस | निः शुल्क | |

| | | | |
|---|---|---|---|
| १८ | दुवै व्यक्ति एउटै रहेको सिफारिस | १००।- | (विद्यार्थीलाई निशुल्क) |
| १९ | फरक फरक जन्म मिति एकै रहेको सिफारिस | १००।- | (विद्यार्थीलाई निशुल्क) |
| २० | जग्गा मूल्यांकन सिफारिस | ५००।– | |
| २१ | व्यवसाय संचालन नभएको सिफारिस | ५००।- | |
| २२ | व्यवसाय बन्द सिफारिस | १००।- | |
| २३ | व्यापार व्यवसाय नभएको सिफारिस | निः शुल्क | |
| २४ | कोर्ट फि सिफारिस | निः शुल्क | |
| २५ | नाबालक परिचय पत्र सिफारिस | निः शुल्क | |
| २६ | चौपाया सम्बन्धी सिफारिस | निः शुल्क | |
| २७ | व्यवसाय दर्ता सिफारिस | १००।- | |
| २८ | उद्योग ठाउँसारी सिफारिस (आन्तरिक) | ३००।- | |
| २९ | उद्योग ठाउँसारी सिफारिस (बाह्य) | ५००।- | |
| ३० | विद्यालय ठाउसारी सिफारिस | २००।- | |
| ३१ | आन्तरिक बसाई सराई सिफारिस | १००।- | |
| ३२ | विद्यालय संचालन स्विकृती, कक्षा वृद्धि संचालन सिफारिस | २००।- | आधारभूत |
| ३३ | विद्यालय संचालन स्विकृती, कक्षा वृद्धि संचालन सिफारिस | ५००।- | माध्यमिक |
| ३४ | व्यक्तिगत विवरण सिफारिस | १००।- | |
| ३५ | जग्गा दर्ता सिफारिस | १००।- | |
| ३६ | संरक्षक सिफारिस | निः शुल्क | |
| ३७ | संरक्षण सिफारिस | निः शुल्क | |
| ३८ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १००।- | |
| | अन्य सिफारिस | २००।– | |
| ३९ | जिवित सँगको नाता प्रमाणित | १००।- | |
| ४० | मृतकसँगको नाता प्रमाणित | १००।- | |
| ४१ | कोठा खोल्न रोहवर बस्ने शुल्क | १००।- | |
| ४२ | स्वास्थ्य उपचार सिफारिस | निः शुल्क | |
| ४३ | घरवाटो सिफारिस | १००।- | |
| ४४ | चार किल्ला सिफारिस | १००।- | |
| ४० | जन्म मिति प्रमाणित | १००।- | |
| ४१ | विवाह प्रमाणित | १००।- | |

| | | | |
|---|---|---|---|
| ४२ | घरपाताल प्रमाणित | निः शुल्क | |
| ४३ | कागज मन्जुरीनामा प्रमाणित | १००।- | |
| ४४ | हकवाला वा हकदार प्रमाणित | १००।- | |
| ४५ | अविवाहित प्रमाणित | १००।- | |
| ४६ | जग्गा रेखाङ्कन रोहवर बस्ने | १००।- | |
| ४७ | जग्गा धनिपूर्जा हराएको सिफारिस | १००।- | |
| ४८ | पूर्जामा घर कायम गर्ने सिफारिस | १००।- | |
| ४९ | अंग्रेजी सिफारिस प्रमाणित | २००।- | |
| ५० | मिलापत्र कागज/उजुरी दर्ता प्रमाणित | १००।- | |
| ५१ | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाईसराई विवाह दर्ता, सम्बन्ध विच्छेद) | – | ३५ दिन भित्र निशुल्क |
| | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाईसराई विवाह दर्ता, सम्बन्ध विच्छेद) | १००।– | ३५ दिन पछी |
| ५२ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र (जन्म, मृत्यु, बसाईसराई विवाह दर्ता, सम्बन्ध विच्छेद) प्रतिलिपी | १००।- | |
| ५३ | उद्योग दर्ता | ५००।- | |
| ५४ | व्यवसाय दर्ता | २००।- | |

## अनुसूची–१०

### पर्यटन शुल्क

दफा (११) सँग सम्बन्धित

| **कर शिर्षक (विवरण)** | **०७५/०७६ को लागि करको दर** | **कैफियत** |
|---|---|---|
| हाल नतोकिएको | – | |